आज मिति २०७९ साल पौष महिनाको २२ गते शुक्रबारका दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा यस बेसिशहर नगरपालिकाको विभिन्न विषयमा नगरपालिका नगर कार्यपालिकाको "बाह्रौं" बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

## उपस्थिति :-

| | | | |
|---|---|---|---|
| | १, | प्रमुख | श्री गुमान सिंह अर्याल |
| | २, | उप- प्रमुख | श्री पद्मा गुरुङ |
| | ३, | प्र· प्र· अधिकृत | श्री डुमनाथ कडेल |
| | ४, | वडा अध्यक्ष (वडा नं· १) | श्री दुर्गा बहादुर बुढाथोकी |
| | ५, | —"— (२) | श्री मदन बहादुर राना |
| | ६, | —"— (३) | श्री चित्र बहादुर दमाई |
| | ७, | —"— (४) | श्री राम बहादुर गुरुङ |
| | ८, | —"— (५) | श्री इन्द्र बहादुर गुरुङ |
| | ९, | —"— (६) | श्री प्रकाश थापा |
| | १०, | —"— (७) | श्री लक्ष्मविराम बस्नेत |
| | ११, | —"— (८) | श्री पवित्रा थापा राना |
| | १२, | —"— (९) | श्री खुशि जङ गुरुङ |
| | १३, | —"— (१०) | श्री गंगा बहादुर थापा |
| | १४, | —"— (११) | श्री शिव प्रसाद जोशी |
| | १५, | कार्यपालिका सदस्य | श्री हिरालाल विश्वकर्मा |
| | १६, | —"— | श्री श्रीनाथ दुलाल |
| | १७, | —"— | श्री कल्पना थापा बोहरा |
| | १८, | —"— | श्री विमला न्यौपाने अधिकारी |
| | १९, | —"— | श्री सुक माया गुरुङ |
| अनुपस्थित | २०, | —"— | श्री सुक माया घर्ति |
| | २१, | —"— | श्री मनिता परियार |

### सहजकर्ता कर्मचारी

| | | | |
|---|---|---|---|
| | २२, | कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |
| | २३, | अधिकृत छैटौं | श्री गोविन्द बहादुर राउत |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०९/२२ को बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

***नगर कार्यपालिकाको मिति २०७९ पुस २२ गतेको बैठकका प्रस्तावहरु***

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।
२. नगरसभाको बाह्रौ अधिवेशन सम्बन्धमा ।
३. समपुरक तथा विशेष अनुदान तर्फको आयोजना प्रस्ताव सम्बन्धमा ।
४. आगामी आव २०८०।०८१ को आय व्यय प्रक्षेपण सम्बन्धमा ।
५. नगरपालिकाको कामकाजलाई थप व्यवस्थित बनाउने सन्दर्भमा
   - कर्मचारीहरुको कार्य विवरण तयार गर्ने समिति
   - शिक्षा क्षेत्रमा गर्ने कार्यहरुको विवरण तयार गर्न समिति
   - स्वास्थ्य क्षेत्रमा गर्ने कार्यहरुको विवरण तयार गर्न समिति
   - विभिन्न क्षेत्र र विद्यामा उल्लेख्य योगदान गर्ने व्यक्ति तथा उत्कृष्ठ शिक्षक कर्मचारी छनौट गर्न समिति
   - शाखा प्रमुख र नगर कार्यपालिका विच अन्तरर्क्रिया राख्ने ।
६. स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन सम्बन्धमा ।
७. हालसम्म लेखा परीक्षण प्रतिवेदनले औंल्याएका बेरुजु सम्बन्धमा ।
८. अर्धबार्षिक प्रगति समीक्षा नगरसभामा पेश गर्ने सम्बन्धमा ।
९. वडाबाट चालु आ.व.को लागि थप योजना छनौट सम्बन्धमा ।
१०. आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।
११. स्थानीय पाठ्यक्रम छपाई सम्बन्धमा ।
१२. वडा कार्यालयहरुबाट समेत योजना सम्झौता गर्न सकिने सम्बन्धमा । (२ लाख भन्दा मुनिका)
१३. वडा र नगरपालिका विच अन्तर्क्रिया/अभिमुखीकरण कार्यक्रमको सम्बन्धमा ।
१४. सडक बोर्डतर्फको आयोजनाको भुक्तानी सम्बन्धमा ।
१५. वडास्तरीय आयोजना/कार्यक्रम संशोधन सम्बन्धमा ।
१६. पर्यटन पूर्वाधार आयोजना प्रस्ताव माग गर्ने सम्बन्धमा ।
१७. स्वास्थ्य तर्फको सञ्चालन (प्रशासनिक) बजेट सम्बन्धमा ।
१८. श्रोत उपयोग करको सम्बन्धमा (आर्मी ब्यारेक सूचना निस्कि सकेको) दोर्दी ढुंगा राजश्व काट्ने त्रिवेणी बालुवा नापेर आइएको सूचना निकाल्ने)
१९. विविध
   - स्वास्थ्य क्लिनिक सञ्चालन अनुमति सम्बन्धमा ।
   - नीजि शिक्षकहरुको निरन्तरता सम्बन्धमा ।
   - कृषक सूचीकरण गर्ने सम्बन्धमा ।
   - वडास्तरीय सञ्जाल गठन/पुनर्गठन सम्बन्धमा ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०९/२२ को बैठक

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं. १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

मिति २०७९ मंसिर २७ गते सम्पन्न नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाबारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं. २ : नगरसभाको बाह्रौं अधिवेशन सम्बन्धमा ।**

२०७९।०९।२२ गते गर्ने भनि विविध कारणले उक्त दिनको लागि स्थगित गरिएको यस बेसीशहर नगरपालिकाको नगरसभाको बाह्रौं अधिवेशन तथा चालु आ..व २०७९।८० को प्रथम एवम् हिउँदे अधिवेशन यही २०७९।१०।१३ गते शुक्रबारका दिन विहान ११.०० बजे आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ : समपुरक तथा विशेष अनुदानतर्फको आयोजना प्रस्ताव सम्बन्धमा ।**

राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाण्डौको मिति २०७९/०८/१९ मा प्रकाशित सूचना अनुसार आ.व. २०८०/८१ का लागि सङ्घीय समपुरक र सङ्घीय विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना/कार्यक्रमका लागि यस बेसीशहर नगरपालिकाबाट देहायका आयोजना/कार्यक्रमहरु छनौट गरी प्रस्ताव सहित विवरण तयार गरी माग गर्ने निर्णय गरियो ।

**(क) समपुरक अनुदानतर्फ :**

१. धुरपुरे दिहीथोक विम्दा सितलेस्वाँरा बाखेजगत सडक बेनपा ९ र ५ (क्रमागत)

२ .उदिपुर नयाँगाउँ सडक स्तरोन्नति बेसीशहर नगरपालिका १ (क्रमागत)

३. बेसीशहर (युनिभर्सलचोक) मकैडाँडा सडक स्तरोन्नति, बेसीशहर नगरपालिका ६ र ७

( ३ बर्षको लागि आ.व. २०७६।७७ मा समपुरकतर्फ स्वीकृत योजना भए पनि ठेक्का बन्दोबस्ती बहुबर्षिय रुपमा नगरिएको कारण तथा कोभिड, निर्वाचन लगायतका विविध कारणले उक्त योजना अधुरो रहेको, यस अघि प्राप्त रकम खर्च नभई फ्रिज भएको र आधा सडक मात्र पक्की भएकोले बाँकी आधा अपुरो कार्य सम्पन्न गर्न उक्त योजना पुनः माग गरिएको)

४.बेसीशहर बाँफाखेत हिले कार्कीडाँडा चिती तिलाहार सडक स्तरोन्नति, बेसीशहर नपा १० र ११

५.भकुण्डे पुरानोकोट सडक स्तरोन्नति बेसीशहर नपा २ र ४

उपरोक्त योजनाहरुको प्राथमिकतामा कुनै असर नपर्ने गरी देहायका योजनाहरु समेत माग गर्ने :

६.कभर्ड हल निर्माण, बेसीशहर नगरपालिका ७

७.उदिपुर गैरी खत्रीचौर घ्याउसीबास नयागाउँ सडक, बेसीशहर नगरपालिका १

**(ख) विशेष अनुदानतर्फ :**

१.चण्डीस्थान (सारिङ) स्वास्थ्य चौकी भवन निर्माण बेसीशहर नपा ६ (चालु आ.व. २०७८।०७९ मा समावेश भएको)

२.बेसीशहर नगरपालिका क्षेत्रबाट निस्कने फोहरमैला प्रशोधन सम्बन्धी कार्यक्रम (क्रमागत)

विशेष अनुदानतर्फका उपरोक्त योजनाहरुको प्राथमिकतामा कुनै असर नपर्ने गरी देहायको योजना माग गर्ने :

३. ८ कोठे भूकम्प प्रतिरोधी विद्यालय भवन निर्माण, अन्नपूर्ण मावि, बेसीशहर नगरपालिका ५, नाल्मा

**निर्णय नं ४ : आ.व. २०८०।८१ को आय व्ययको प्रक्षेपण सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाको आगामी आ.व. २०८०।८१ को अनुमानित आय व्यय देहाय वमोजिम प्रक्षेपण गरी २०७९ पुस मसान्तभित्र संघीय अर्थ मन्त्रालयमा पठाउने निर्णय गरियो ।

देहाय

**बेसीशहर नगरपालिकाको आगामी आ.व. २०८०।०८१ का लागि प्रक्षेपित आय व्यय**

आय प्रक्षेपण २०८०।८१

| सि.नं. | विवरण | रकम (रु हजारमा) |
|---|---|---|
| १ | नगरपालिकाको आन्तरिक आय अनुमान | ५९००० |
| २ | समानीकरण अनुदान (संघ) | २००००० |
| ३ | राजश्व बाँडफाँड (संघ) | १५०००० |
| ४ | सशर्त अनुदान (संघ) | ४००००० |
| ५ | समपुरक अनुदान (संघ) | ४०००० |
| ६ | विशेष अनुदान (संघ) | ३५००० |
| ७ | समानीकरण अनुदान (प्रदेश) | २०००० |
| ८ | राजश्व बाँडफाँड (प्रदेश) | २०००० |
| ९ | सशर्त अनुदान (प्रदेश) | १०००० |
| १० | समपुरक अनुदान (प्रदेश) | १०००० |
| ११ | विशेष अनुदान (प्रदेश) | १०००० |
| १२ | विविध | १५०००० |
| | **जम्मा अनुमानित आय** | **११०४०००** |
| **व्यय प्रक्षेपण २०८०।८१** | | |
| १ | चालु खर्च | २००००० |
| २ | पुँजीगत खर्च | ३४४००० |
| ३ | सशर्त अनुदान | ४१०००० |
| ४ | अन्य/विविध | १५०००० |
| | **जम्मा अनुमानित व्यय** | **११०४०००** |

**निर्णय नं ५ : नगरपालिकाको सेवाप्रवाह/कामकाजलाई थप व्यवस्थित बनाउने सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाको सेवा प्रवाह लगायत प्रशासकीय र व्यवस्थापकीय कार्यहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाउनको लागि कर्मचारीहरुको कार्य विवरण तयार गर्ने, शिक्षा र स्वास्थ्य क्षेत्रमा तत्काल गर्नुपर्ने तथा गर्न सकिने कार्यहरुको सम्बन्धमा कार्ययोजना र सुझाव प्रतिवेदन तयार गर्ने र विभिन्न विधा र क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरु र सर्वोत्कृष्ठ शिक्षक तथा कर्मचारी आदिलाई सम्मान गर्नको लागि व्यक्तिहरु छनौट गर्न देहाय वमोजिमका समितिहरु गठन गर्ने निर्णय गरियो ।

देहाय

**(क) कर्मचारीहरुको कार्य विवरण निर्माण समिति**

१. प्रमुख प्रशासकीय अधिकृत श्री इमनाथ कँडेल -संयोजक
२. वडाध्यक्ष श्री मदन बहादुर राना- सदस्य
३. कार्यपालिका सदस्य श्री हिरालाल विश्वकर्मा- सदस्य
४.लेखा अधिकृत श्री सिर्जना पौडेल- सदस्य
५. कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेल- सदस्य

**(ख) शिक्षा कार्ययोजना निर्माण तथा सुझाव समिति**

१. नगर उपप्रमुख श्री पद्मा गुरुङ - संयोजक
२. शिक्षा शाखा प्रमुख श्री किसान राज चिलुवाल- सदस्य
३. वडाध्यक्ष श्री मदन बहादुर राना- सदस्य
४. वडाध्यक्ष श्री गंगा बहादुर थापा - सदस्य
५. कार्यपालिका सदस्य श्री विमला न्यौपाने अधिकारी- सदस्य
६. कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेल- सदस्य

**(ग) स्वास्थ्य कार्ययोजना निर्माण तथा सुझाव समिति**

१. नगर उपप्रमुख श्री पद्मा गुरुङ - संयोजक
२. वडाध्यक्ष श्री मदन बहादुर राना- सदस्य
३. कार्यपालिका सदस्य श्री हिरालाल विश्वकर्मा- सदस्य
३ स्वास्थ्य शाखा प्रमुख श्री मनोज सिंह बोहरा
४.जनस्वास्थ्य निरीक्षक श्री राजेश दुलाल

**(घ) सम्मान गर्नुपर्ने व्यक्तित्व र सर्वोत्कृष्ठ शिक्षक कर्मचारी छनौट समिति**

१. नगर उपप्रमुख श्री पद्मा गुरुङ - संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत श्री इमनाथ कँडेल- सदस्य
३. शिक्षा शाखा प्रमुख श्री किसानराज चिलुवाल - सदस्य
४. वडाध्यक्ष श्री पवित्रा थापा राना - सदस्य
५.कार्यपालिका सदस्य श्री हिरालाल विश्कर्मा- सदस्य

**निर्णय नं ६ : स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धमा ।**

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७ मा व्यवस्था भएका स्वमूल्याङ्कनका सूचकहरु तथा हुँदै गरेको मूल्यांकनको अवस्थाको बारेमा फोकल पर्सन श्री मेघेन्द्र पोखरेलबाट कार्यपालिका बैठकमा जानकारी दिने कार्य भै उक्त मूल्यांकन कार्य सम्पन्न गरी अन्तिम नतिजाको सम्बन्धमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ : हालसम्मका लेखा परीक्षण प्रतिवेदनले औंल्याएका बेरुजु सम्बन्धमा ।**

विगत बर्षहरुदेखि हालसम्मको लेखा परीक्षण प्रतिवेदनले औंल्याएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने बेरुजुहरुको सम्बन्धमा अध्ययन गरी फछ्र्यौटको लागि सुझाव दिन तथा प्रक्रिया अघि बढाउने कार्यको लागि

नगर उप प्रमुखको संयोजकत्वमा रहेको लेखा समिति र लेखा शाखाका कर्मचारीहरुलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ : अर्धबार्षिक प्रगति समीक्षा नगरसभामा पेश गर्ने सम्बन्धमा ।**

चालु आ.व.२०७९।८० को लागि स्वीकृत योजना तथा कार्यक्रम र सेवा प्रवाहका सम्बन्धमा २०७९ पौष मसान्तसम्ममा भएका कार्यहरुको प्रगति प्रतिवेदन तयार गरी आगामी नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ९ : वडाबाट चालु आ.व.को लागि थप योजना छनौट सम्बन्धमा ।**

चालु आ.व. २०७९।८० मा कार्यान्वयनको लागि प्रत्येक वडाबाट रु. ५ लाख बराबरको सम्पन्न हुन सक्ने अति आवश्यक र महत्वपूर्ण एउटा आयोजना छनौट गरी नगरपालिकामा पठाउन सबै वडाहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं १० : आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण गर्ने सम्बन्धमा ।**

देहायका आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन **(DPR)** निर्माण गर्नको लागि अ.ल्या.शिर्षकबाट रु १० लाख विनियोजन गर्ने निर्णय गरियो ।

देहाय :

१.उदिपुर कालिका मन्दिर निर्माण

२.सहजी बसपार्क निर्माण

३. दनाइँफाँट बसपार्क निर्माण

**निर्णय नं ११ : स्थानीय पाठ्यक्रम छपाई सम्बन्धमा ।**

तयार गरिएको बेसीशहर नगरपालिकाको स्थानीय पाठ्यक्रम छपाईको लागि अ.ल्या शिर्षक बाट रु. १ लाख विनियोजन गर्ने साथै छपाई सम्बन्धी कार्य सम्पन्न गर्न शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १२ : वडा कार्यालयहरुबाट समेत आयोजना सम्झौता गर्न सकिने सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाका २ लाख वा सो भन्दा कम बजेटका आयोजनाहरु सम्वन्धित वडा कार्यालयहरुबाट सम्झौता गर्न सकिने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं १३ : वडा र नगरपालिका विच अन्तर्क्रिया राख्ने सम्बन्धमा ।**

२ लाख वा सो भन्दा मुनिका आयोजनाहरु वडा कार्यालयहरुमा सम्झौताको प्रभावकारी कार्यान्वयन तथा योजना सम्झौता र फरफारक सम्बन्धमा वडा समिति, वडा कार्यालयका कर्मचारी र नगरपालिकाको विचमा अन्तर्क्रिया/अभिमुखीकरण कार्यक्रमको आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं १४ :सडक बोर्डतर्फको आयोजनाको भुक्तानी सम्बन्धमा ।**

सडक बोर्ड नेपाल र बेसीशहर नगरपालिकाको साझेदारीमा बेनपा ११ स्थित चित्रे बानियापँधेरो सडक गत आ.व.मा सम्झौता भई कार्य सम्पन्न भएको तर कार्यक्रमको सहमति र रकम निकासा चालु आ.व. मा भएको उक्त आयोजनाको भुक्तानीको सम्बन्धमा मिति २०७९।८।२७ को कार्यपालिका बैठकमा छलफल हुँदा नगर उपप्रमुख, सम्वन्धित वडाको वडाध्यक्ष र नगरपालिकाको पूर्वाधार शाखा प्रमुख रहेको अनुगमन टोलीको

स्थलगत अनुगमन प्रतिवेदन समेतको आधारमा प्रक्रिया अघि बढाउने भन्ने निर्णय भएको र उक्त अनुगमन टोलीबाट कार्यसम्पन्न भएको प्रतिवेदन प्राप्त भएको हुँदा सो प्रतिवेदन समेतको आधारमा उक्त आयोजनाको भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १५ : आयोजना/ कार्यक्रम संशोधन/ब्रेक डाउन/एकिकरण सम्बन्धमा ।**

चालु आ.व. २०७९।८० का देहायका नगरस्तरीय तथा वडास्तरीय योजना तथा कार्यक्रम देहाय बमोजिम संशोधन, रकमान्तर, एकिकरण तथा ब्रेक डाउन गर्ने निर्णय गरियो ।

देहाय

| साविक आयोजना तथा कार्यक्रम | विनियोजित बजेट | संशोधित आयोजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| १.१ सुर्यमुखी सामुदायिक भवन निर्माण, बेनपा ५, (नगरस्तरीय)<br>१.२ ज्यारखाङ दलितबस्ती भवन भान्छाघर निर्माण, बेनपा ५ ( नगरस्तरीय) | ३००००० <br>३००००० | १.सुर्यमुखी सामुदायिक भवन घर स्टोर निर्माण, बेनपा ५ | ६००००० |
| २. बाखेजगत ग्राउण्ड खानेपानी ट्याङ्की निर्माण, बेनपा ५ ( नगरस्तरीय) | ४००००० | २.१ मेजर टोल सिंढी निर्माण, बेनपा ५<br>२.२ जुगेपानी सिंढी निर्माण, बेनपा ५ | २००००० <br>२००००० |
| ३.स्यारे-नाल्मा मोटरबाटो स्तरोन्नति, बेनपा ५ | ५००००० | ३.नाल्मा-स्यारे मोटरबाटो स्तरोन्नति, बेनपा ५ | ५००००० |
| ४.युवा तथा खेलकुँद, बेनपा ५ | १००००० | ४.फर्निचर खरिद तथा व्यवस्थापन, (अन्नपूर्ण माविको चार कोठे भवनमा,) बेनपा ५ | १००००० |
| ५.अन्नपूर्ण मा.वि. खेलमैदान संरक्षण, बेनपा ५ | २००००० | ५.३३ औं अन्नपूर्ण कप फुटबल प्रतियोगिता सञ्चालन तथा खेलमैदान सरसफाई, बेनपा ५ | २००००० |
| ६.स्वर्ण महोत्सव, अन्नपूर्ण मावि, बेनपा ५ | ३००००० | ६.वडा कार्यालय कम्पाउण्ड तथा गेट निर्माण, बेनपा ५ | ३००००० |
| ७. कृषि भेटनरी, बेनपा ५ | ३००००० | ७.वडास्तरीय अगुवा कृषक तालिम, बेनपा ५ | ४०००० |
| ८.फुटकर योजना तथा कार्यक्रम, बेनपा ५ | २३७००० | ८.१ टोलस्तरीय बालक्लब गठन<br>८.२ लैंगिक हिंसा सम्बन्धी अभिमुखीकरण<br>८.३ महिला तथा बाल सञ्जाल गठन<br>८.४ अन्नपूर्ण मावि शौचालयमा पानी व्यवस्थापन<br>८.५ बाखेजगत शिशु स्याहार खर्च रकम सहयोग, सूर्य बहादुर तामाङ<br>८.६ प्रसाद दमैको श्रीमतीलाई आर्थिक सहयोग<br>८.७ खासुर प्रगतिशील युवा क्लब सहयोग | २००००<br>१२०००<br>१५०००<br>१६०००<br>१५०००<br>१००००<br>५००० |

| साविक आयोजना तथा कार्यक्रम | विनियोजित बजेट | संशोधित आयोजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| | | ८.८ बाखेजगत बालक्वल खेल सामाग्री खरिद<br>८.९ तमु ह्युँल छोंज धि गुरुङ राष्ट्रिय परिषद बेसीशहर सहयोग<br>८.१० बाखेजगत कामीराम तामाङको घरको लागि खानेपानी पाइप खरिद | १५०००<br>१००००<br>१०००० |
| ९. बहिसबोटेदेखि राउतथोक मोटरबाटो स्तरोन्नति, बेनपा १० | ४००००० | ९. साउनेखोलादेखि राउतथोक गाउँसम्म सिंढी निर्माण, बेनपा १० | ४००००० |
| १०. वडा कार्यालय घेराबार, बेनपा १० | १००००० | ११.वडा कार्यालय किचन मर्मत तथा भलपानी व्यवस्थापन, बेनपा १० | १००००० |
| ११.१ सडक रेग्मीको घरदेखि शिद्धमन्दिर गो.वा. मर्मत, बेनपा ११<br>११.२ अमलबोटे पाखिनडाँडा वाल निर्माण (०७९।८।२७ कापा बैठक निर्णय नं २०) | ६७०००<br>५५००० | ११.१ साठीको पुछारदेखि मगरगाउँ सडक बेनपा ११<br>११.२ भकुण्डे बाँफोबारी कुलो मर्मत, बेनपा ११<br>११.३ चिती प्रहरीचौकी पार्टिसन, बेनपा ११ | ३००००<br>५००००<br>४२००० |
| १२.जनकल्याण मावि प्राविधिक शिक्षक पारिश्रमिक बेनपा ११ ( ०७९।८।२७ कापा बैठक नि नं २०) | १००००० | १२.जनकल्याण मावि फर्निचर खरिद, बेनपा ११ | १००००० |
| १३.हरित सडकबाट बुद्धि सागरको घर हुँदै विष्णु पौडेलको घर जाने सिंढी निर्माण, बेनपा ७ | २२९००० | १३.हरित सडकबाट बुद्धि सागरको घर हुँदै विष्णु पौडेलको घरसम्मको मोटरबाटो निर्माण, बेनपा ७ | २२९००० |

**निर्णय नं. १६ : पर्यटन पूर्वाधार आयोजना प्रस्ताव माग गर्ने सम्बन्धमा ।**

चालु आ.व.२०७९।८० को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत पर्यटन क्षेत्रमा दुई वटा होमस्टे गाउँमा पर्यटन प्रवर्द्धन कार्यक्रमको लागि रु. २० लाख विनियोजन गरिएको हुँदा पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकासको लागि पत्रका मितिले १५ दिन भित्र प्रस्तावना पेश गर्नको लागि नगरपालिकामा दर्ता भएका होमस्टे गाउँका पर्यटन समितिहरुलाई सूचित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ :स्वास्थ्य तर्फको सञ्चालन (प्रशासनिक) बजेट सम्बन्धमा ।**

चालु आ.व.२०७९।८० को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत स्वास्थ्य शाखा/ स्वास्थ्य संस्था सञ्चालन शिर्षकमा विनियोजित रु. ७ लाख रकमबाट प्रत्येक स्वास्थ्य संस्थालाई रु. ५० हजारका दरले र नगरपालिकाको स्वास्थ्य शाखालाई रु १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०९/२२ को बैठक

**निर्णय नं. १८ :श्रोत उपयोग करको सम्बन्धमा ।**

प्राकृतिक श्रोत उपयोग करको सम्बन्धमा देहाय वमोजिम गर्ने निर्णय गरियो ।

(क) बेसीशहर नगरपालिका वडा नं १ आर्मी ब्यारेक पुछारको बालुवा ग्राभेलको लागि सूचना प्रकाशन भएको तर कुनै पनि सिलबन्दी प्रस्ताव नपरेको अवस्थामा स्थानीय कालिका बन उपभोक्ता समुहबाट निवेदन प्राप्त भएको हुँदा उक्त समुहसंग प्रक्रिया वमोजिम सम्झौता गर्ने ।

(ख) बेसीशहर नगरपालिका वडा नं ११ दोर्दी खोला क्षेत्रमा जम्मा भएको ढुंगा न्युनतम राजश्व लिई विक्री वितरणको व्यवस्था मिलाउने ।

(ग) बेसीशहर नगरपालिका वडा नं १ त्रिवेणीघाटको बालुवाको परिमाण नापजाँच भै सकेको हुँदा प्रक्रिया वमोजिम राजश्व लिई बिक्रीको व्यवस्था मिलाउने ।

**निर्णय नं. १९ :स्वास्थ्य क्लिनिक सञ्चालन अनुमति सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ८ स्थित भरोशा स्मार्ट क्लिनिकले सञ्चालन अनुमतिको लागि नगरपालिकामा पेश गरेको निवेदनको सम्बन्धमा छलफल हुँदा नेपाल सरकारले जारी गरेको स्वास्थ्य संस्था मापदण्ड २०७७ (संशोधन सहित) वमोजिम नगरपालिकाबाट गरिएको अनुमगन प्रतिवेदन समेतका आधारमा स्वास्थ्य क्लिनिक सञ्चालनको अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २० : निजी शिक्षकहरुको निरन्तरता सम्बन्धमा ।**

बेसीशहर नगरपालिका भित्रका ८ वटा विद्यालयहरुमा १/१ जना नीजि श्रोतबाट शिक्षक नियुक्ति गरी कामकाज गराउँदै आएकोमा उक्त शिक्षकहरुलाई साविककै पारिश्रमिक वमोजिम चालु शैक्षिक सत्रसम्मको (२०७९चैत मसान्तसम्म) लागि निरन्तरता दिने र उक्त खर्च अ.ल्या. शिर्षकबाट ब्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. २१ : कृषक सूचीकरण गर्ने सम्बन्धमा ।**

चालु आ.व. २०७९।८० मा बेसीशहर नगरपालिका वडा नं १ देखि ५ सम्म कार्यविधि वमोजिम कृषक सूचीकरण कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२ : वडास्तरीय सञ्जाल गठन गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका भित्रका सवै वडाहरुमा देहाय वमोजिमका सञ्जाल गठन तथा आवश्यकतानुसार पुनर्गठन समेत गर्न सवै वडाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

(क) महिला सञ्जाल

(ख) बाल क्लव सञ्जाल

(ग) युवा सञ्जाल

(घ) खेलकुँद समिति